काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २२२ ❐ सोमवार, ११ जेठ, २०८३ ❐ Monday, 25 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

बाजुरा-हुम्ला विवाद चर्किँदा कोरिडोर अवरुद्ध

स्थानीय प्रशासनले भने घटनाबारे अनुसन्धान भइरहेको जनाएको छ। सुरक्षा निकायले स्थिति नियन्त्रणमा लिन प्रयास भइरहेको बताए पनि स्थानीयहरू प्रशासनको भूमिकाप्रति असन्तुष्ट देखिएका छन्।

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १० जेठ



बाजुराको हिमाली गाउँपालिकामा भएको कुटपिट, लुटपाट तथा तोडफोड घटनामा प्रशासनले प्रभावकारी पहल नगरेको आरोप लगाउँदै हिमाली युवा क्लबले कर्णाली कोरिडोर अनिश्चितकालका लागि बन्द गरेको छ। क्लबले आइतबारदेखि कोरिडोर बन्दको घोषणा गर्दै दोषीलाई कारबाही, पीडितलाई न्याय तथा विस्थापित परिवारको पुनःस्थापनाको माग अघि सारेको हो। क्लबले जारी गरेको विज्ञप्तिअनुसार जेठ ८ गते जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल र राजनीतिक दलहरूबीच भएको २४ घण्टे सहमति कार्यान्वयन नभएपछि आन्दोलनमा उत्रिनुपरेको जनाएको छ। सहमतिपछि पनि स्थानीयका घरमा लुटपाट, तोडफोड र धम्कीका घटना रोक्न नसकिएको भन्दै प्रशासनप्रति गम्भीर असन्तुष्टि व्यक्त गरिएको छ।

हिमाली गाउँपालिका-३ को लाम्पाटामा केही दिनअघि सीमा विवादको विषयलाई लिएर स्थानीयबीच तनाव उत्पन्न भएको थियो। सोही विवाद उग्र बन्दै जाँदा स्थानीय बासिन्दामाथि कुटपिट, घरमा तोडफोड तथा लुटपाट भएको आरोप लगाइएको छ। हिमाली युवा क्लबले हुम्लाको खार्पुनाथ गाउँपालिका र सर्केगाड गाउँपालिकाका केही व्यक्तिहरू घटनामा संलग्न रहेको दाबी गरेको छ। क्लबका अनुसार घटनाका क्रममा स्थानीयका घरमा तोडफोड गर्नुका साथै नगद, खाद्यान्न र अन्य सामग्रीसमेत लुटिएको छ। यस्तै घटनाका कारण लाम्पाटा र च्याचौर क्षेत्रका केही परिवार विस्थापित बनेको जनाइएको छ। स्थानीयहरू अहिले त्रासमा रहेको र सुरक्षित वातावरण नहुँदा घर फर्किन नसकेको क्लबको भनाइ छ।

युवा क्लबले घटनाको निष्पक्ष छानबिन गर्न माग गर्दै तत्काल स्थलगत अनुगमन गरी सर्जमिन मुचुल्का तयार गर्नुपर्ने बताएको छ। साथै घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याई पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग पनि गरिएको छ। विज्ञप्तिमा घाइतेहरूको उपचार खर्च पीडक पक्षबाट व्यहोर्नुपर्ने, विस्थापित परिवारलाई पुनःस्थापना गरी सुरक्षाको प्रत्याभूति दिनुपर्ने र लाम्पाटामा निर्माणाधीन प्रहरी चौकी भवनमा पुगेको क्षतिको क्षतिपूर्ति भराई निर्माण कार्य तत्काल अघि बढाउनुपर्ने उल्लेख गरिएको छ।

क्लबले प्रशासन र सुरक्षा निकायले घटनालाई सामान्य रूपमा लिएर बेवास्ता गरेको आरोपसमेत लगाएको छ। स्थानीयमाथि आक्रमण हुँदा पनि दोषीमाथि कारबाही हुन सकेको छैन। उल्टै पीडितहरू असुरक्षित महसुस गरिरहेका छन्, विज्ञप्तिमा भनिएको छ। कर्णाली कोरिडोर बन्द भएसँगै बाजुरा र हुम्ला जोड्ने मुख्य सडक पूर्ण रूपमा प्रभावित भएको छ। लामो दूरीका सवारी साधन सञ्चालन ठप्प बनेका छन् भने दैनिक उपभोग्य वस्तुको ढुवानीमा समेत असर परेको स्थानीयले बताएका छन्। यात्रुहरू बीच बाटोमै अलपत्र परेको जानकारीसमेत प्राप्त भएको छ।

यसअघि घटनालाई लिएर स्थानीय तह, प्रशासन र सुरक्षा निकायबीच पटक-पटक छलफल भए पनि ठोस निष्कर्ष ननिस्किएको बताइएको छ। हिमाली गाउँपालिकाका स्थानीय जनप्रतिनिधिहरूले पनि घटनालाई गम्भीर रूपमा लिएर दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन्। यता जिल्ला प्रशासन कार्यालय बाजुराले घटनाबारे अनुसन्धान भइरहेको जनाएको छ। प्रशासनले दुवै जिल्लाका स्थानीयलाई संयमता अपनाउन आग्रह गर्दै वार्ता र समन्वयमार्फत समस्या समाधान गर्ने प्रयास भइरहेको जनाएको छ। तर आन्दोलनरत पक्षले माग सम्बोधन नभएसम्म आन्दोलन नरोकिने चेतावनी दिएको छ। हिमाली युवा क्लबले पीडितलाई न्याय नदिइए थप सशक्त आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने संकेत गरेको छ।

शान्ति सुरक्षामा कुनै सम्झौता हुँदैन : एसपी पोखरेल



❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १० जेठ

जिल्ला प्रहरी कार्यालय सुर्खेतका नवनियुक्त प्रहरी प्रमुख ठाकुरप्रसाद पोखरेलले जिल्लाको शान्ति सुरक्षा, लागूऔषध नियन्त्रण र सामाजिक अपराध न्यूनीकरणलाई प्राथमिकतामा राखेर काम गर्ने बताएका छन्।

आइतबार जिल्ला प्रहरी कार्यालय सुर्खेतमा आयोजित पत्रकारसँगको परिचयात्मक कार्यक्रममा उनले प्रहरीको कामलाई थप प्रभावकारी, जनमुखी र परिणाममुखी बनाइने बताएका हुन्।

प्रहरी उपरीक्षक पोखरेलले समाजमा शान्ति सुरक्षा कायम गर्नु प्रहरीको मात्रै जिम्मेवारी नभएको उल्लेख गर्दै सबै पक्षको सहकार्य आवश्यक रहेको बताए।

प्रहरीको एक्लो प्रयासले मात्रै समाजमा पूर्ण शान्ति स्थापना सम्भव हुँदैन, उनले भने, कानुनको प्रभावकारी कार्यान्वयन र अपराध नियन्त्रणका लागि नागरिक, सञ्चारमाध्यम तथा सरोकारवाला सबैको भूमिका महत्त्वपूर्ण हुन्छ।

उनले सुर्खेत जिल्लामा पछिल्लो समय देखिएका सुरक्षा चुनौतीबारे अध्ययन गरेर समाधानमुखी ढंगले अघि बढ्ने प्रतिबद्धता जनाए। विशेषगरी वीरेन्द्रनगर क्षेत्रमा बढ्दो लागूऔषध प्रयोग, ओसारपसार तथा अवैध यौनजन्य गतिविधिलाई नियन्त्रण गर्नु अहिलेको मुख्य चुनौती रहेको उनले स्वीकार गरे। कार्यक्रममा सहभागी पत्रकारहरूले सुर्खेतमा सडक दुर्घटना न्यूनीकरण, ट्राफिक व्यवस्थापन, लागूऔषध कारोबार नियन्त्रण र अवैध गतिविधिमाथि कडाइ गर्न सुझाव दिएका थिए।

त्यसको जवाफमा प्रहरी प्रमुख पोखरेलले तथ्य र सूचनामा आधारित भएर कानुनविपरीतका गतिविधिमाथि कडा निगरानी गरिने बताए।

म कम बोल्ने र धेरै काम गर्ने स्वभावको व्यक्ति हुँ, उनले भने, सुर्खेतको शान्ति सुरक्षा मजबुत बनाउन सबैको सहयोग आवश्यक छ। उनले नागरिकमैत्री प्रहरी सेवामार्फत जनविश्वास बढाउने र अपराध नियन्त्रणमा प्रभावकारी ढंगले काम गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे।

एमाले सचिवालय बैठक :

१९ पदाधिकारीमध्ये अध्यक्ष ओलीको बचाउमा चार नेतामात्रै उभिए

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १० जेठ

नेकपा एमालेको सचिवालय बैठक तीन दिनदेखि भक्तपुरको गुन्डुमा जारी छ । अध्यक्ष केपी शर्मा ओली निवासमा बसिरहेको बैठकले फागुन २१ यताको परिस्थितिबारे पनि समीक्षा गर्दैछ।

गत शुक्रबारदेखि बसेको सचिवालय बैठकमा आइतबार सचिवाहरूले बोलेका छन् । एमालेमा आइतबारसम्म बोलेका १९ मध्ये चारजना पदाधिकारीमात्रै ओलीको पक्षमा खुलेको बताइएको छ।

आइतबार सबै पदाधिकारीले बोलिसकेकाले यो बैठक पनि सक्ने तयारी भएको छ। उपाध्यक्ष, महासचिव, उपमहासचिव र सचिवहरू अधिकांश ओलीको विपक्षमा उभिँदा चारजनाले मात्रै साथ दिएको स्रोतले दाबी गरेको छ।

स्रोतले दिएको जानकारी अनुसार ओलीको बचाउमा उपाध्यक्ष रामबहादुर थापा 'बादल'र सचिव महेश बस्नेत खम्बा बनेर उभिएका छन् ।

त्यसैगरी कर्णालीका मुख्यमन्त्रीसमेत रहेका सचिव यामलाल कँडेल र अर्का सचिव भानुभक्त ढकाल पनि ओलीको पक्षमा खुलेर देखिएका छन् ।

कँडेल कर्णालीमा ओलीकै जोडबलमा मुख्यमन्त्री बनेका हुन् । ढकाल भने ओलीकै संरक्षण र आशिर्वादमा एमालेमा निरन्तर फाइदा लिने नेता हुन् ।

उनी यसअघि एमालेको जसंगठन संयन्त्रका संयोजक थिए । यस पटक ओलीले उनलाई संगठन विभाग जस्तो शक्तिशाली पदमा लैजान सोमबार नै प्रस्ताव गरिसकेका छन्।

आइतबार बोलेका सचिवहरूमा ढकाल र कँडेलले ओलीको बचाउमा खुलेर कुरा राखे ।

तेस्रो दिनमा यो बैठक चलिरहँदा सचिवहरूले कुरा राखिसकेका छन् ।

उता पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीनिकट मानिने दुई सचिवहरू शेरधन राई र हिक्मत कार्कीले पनि यथास्थितिमा पार्टी अघि बढ्न नसक्ने बताए ।

आफूविरूद्ध लागेको भन्दै ओलीले यसअघि नै कोशीका मुख्यमन्त्री हिक्मत कार्कीलाई हटाउन खोजेका छन् । यस पटकको सचिवालयमा कार्की पनि आफ्नो विपक्षमा मुखर भएपछि उनलाई सरकारबाट बिदा गर्ने ओलीले तयारी गरेका छन् ।

कार्की गत फागुन २१ को निर्वाचनमा ओली पराजित झापा क्षेत्र नम्बर ५ कै बासिन्दा हुन् । तर उनीहरूबीच पछिल्लो समय पार्टीभित्रको समस्याका कारण मनमुटावको अवस्था छ।

अर्का सचिव डा. राजन भट्टराईले पनि यथास्थितिमा एमाले अगाडि बढ्न नसक्ने मत राखे।

उनीहरूले अहि लेको विकसित परिस्थितिअनुसार ओलीले मार्गप्रशस्त गर्दा उचित हुने सुझाव दिए ।

उपाध्यक्ष गोकर्ण विष्टले जसरी उनीहरूले सिधै राजीनामा नमागे पनि अब ओलीले नेतृत्वबाट बिदा हुनुपर्ने मत राखे । त्यसैगरी उनीहरूले पहिलो पुस्तालेपनि अब स्वेच्छिक रुपमा अवकाश लिनुपर्ने उनीहरूको सुझाव थियो ।

सचिवालय बैठकमा खाजा ब्रेकपछि अध्यक्ष ओलीले जवाफ दिनेछन्। ओलीले जवाफ दिएसँगै गत सोमबार अघि सारिएको कार्यविभाजन प्रस्तावबारे पनि बैठकले निर्णय लिने छ।

सदनको विरोध नरोक्ने विपक्षी दलहरूको निर्णय

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १० जेठ

विपक्षी दलहरूले सदनको विरोधलाई निरन्तरता दिने भएका छन्। आइतबार एमाले संसदीय दलको कार्यालय सिंहदरबारमा बसेको विपक्षी दलहरूको बैठकले यस्तो निर्णय गरेको हो।

बैठकमा कांग्रेसका प्रमुख सचेतक बास्ना थापा, एमालेका ऐन महर, नेकपाका युवराज दुलाल र राप्रपाका प्रमुख सचेतक खुश्बु ओली थिए।

बैठकमा विपक्षीहरूको आवाजलाई दबाएर अगाडि बढेको र सभामुखको दलीय भूमिकाका बारेमा गम्भीर छलफल भएको महरले जानकारी दिए।



बैठकमा कांग्रेसका प्रमुख सचेतक बास्ना थापा, एमालेका ऐन महर, नेकपाका युवराज दुलाल र राप्रपाका प्रमुख सचेतक खुश्बु ओली थिए।

'संविधानको कार्यान्वयन, प्रतिनिधि सभा नियमावलीको पालना र लोकतन्त्रको रक्षाका लागि संसदमा विपक्षीहरूबीचको छलफल र सहकार्यलाई आगामी दिनहरूमा पनि निरन्तरता दिने बारेमा हामी साझा निष्कर्षमा पुगेका छौं,' महरले भने।

प्रधानमन्त्री वालेन्द्र शाहले संसद्को उपेक्षा गरेको भन्दै विपक्षीहरू सदनमा विरोध प्रदर्शन गर्दै आएका छन्।

काँक्रेविहार राष्ट्रिय दैनिक दृष्टिकोण

सोमवार, ११ जेठ, २०८३
Monday, 25 May 2026

सम्पादकीय

बजेट खर्चको नाममा हुने असारे दौड रोक

कर्णाली प्रदेश सरकारमा आर्थिक वर्षको अन्त्यसँगै दोहोरिने एउटा पुरानो प्रवृत्ति फेरि उजागर भएको छ । महालेखापरीक्षकको ६३औँ प्रतिवेदनले प्रदेश सरकार अझै पनि असार महिनामा नियमविपरीत ठूलो परिमाणमा रकमान्तर गर्ने अभ्यासबाट मुक्त हुन नसकेको देखाएको हो । कानुनले मन्त्रालयलाई सीमित दायराभित्र मात्रै रकमान्तर गर्न अनुमति दिए पनि व्यवहारमा भने अर्बौं रकम अन्तिम समयमा यता-उता सार्ने परिपाटी संस्थागत जस्तै बनेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले विनियोजन संकेतभित्र १० प्रतिशतसम्म मात्रै रकमान्तर गर्न पाउने स्पष्ट व्यवस्था गरेको छ । तर प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा मात्रै दुई अर्ब ३० करोड रूपैयाँभन्दा बढी रकमान्तर गरेको तथ्य सार्वजनिक भएको छ । अझ चिन्ताजनक कुरा त के भने, त्यसको ठूलो हिस्सा असार महिनामै गरिएको छ । प्रदेश सरकारले आ□नै नीति तथा कार्यक्रममा असारमा रकमान्तर नगर्ने प्रतिबद्धता जनाए पनि व्यवहारमा भने उल्टो भइरहेको छ ।

यो केवल प्रशासनिक कमजोरी मात्र होइन, वित्तीय अनुशासनमाथिको गम्भीर प्रहार हो । बजेट संसदबाट निश्चित उद्देश्य र कार्यक्रमका लागि स्वीकृत हुन्छ । तर वर्षको अन्तिममा पटके निर्णय गरेर कार्यक्रम थपघट गर्ने, अर्थ विविध शीर्षकमा बजेट थुपार्ने र अन्तिम समयमा मनपरी ढंगले रकम सार्ने अभ्यासले संसदीय नियन्त्रण र पारदर्शितामाथि प्रश्न उठाएको छ । महालेखाको प्रतिवेदनअनुसार आठ वर्षमा कर्णाली सरकारले ४८ अर्बभन्दा बढी बजेट रकमान्तर गरेको छ । असार महिनामा मात्रै करिब १० अर्ब रूपैयाँ रकमान्तर हुनु सामान्य विषय होइन । विकास निर्माणका काम समयमै अघि नबढाउने, १० महिना निष्क्रिय बस्ने अनि वर्षान्तमा हतारहतार खर्च देखाएर बजेट सक्ने प्रवृत्ति झन् मौलाएको देखिन्छ । यस्तो अभ्यासले योजनाको गुणस्तर घटाउँछ, भ्रष्टाचारको जोखिम बढाउँछ र जनताले अपेक्षा गरेको विकासको प्रतिफल कमजोर बनाउँछ ।

प्रदेश सरकारले हरेक वर्ष महालेखापरीक्षकबाट एउटै सुझाव सुन्दै आएको छ–यथार्थपरक बजेट बनाऊ, असारे रकमान्तर रोक, वित्तीय मितव्ययिता कायम गर । तर सुझाव कार्यान्वयन गर्नुको सट्टा उल्लंघन झन् बढ्दै गएको छ । यही कारण बेरूजु रकम पनि निरन्तर उकालो लागिरहेको छ । अहिले आवश्यक कुरा नयाँ प्रतिबद्धता होइन, व्यवहारिक सुधार हो । बजेट निर्माणदेखि कार्यान्वयनसम्म उत्तरदायित्व र पारदर्शिता कायम नगरेसम्म असारे रकमान्तरको रोग अन्त्य हुने छैन । विकास बजेटलाई राजनीतिक स्वार्थ र प्रशासनिक कमजोरीको माध्यम बनाउने प्रवृत्तिमा रोक लगाउन प्रदेश सरकार गम्भीर बन्नैपर्छ । अन्यथा कर्णालीमा बजेट खर्चको नाममा हुने असारे दौडले विकासभन्दा बढी विकृति मात्रै जन्माइरहनेछ ।

नेपाली जनतालाई पत्र



✍ प्रा.डा. ऋषिकेश नारायण श्रेष्ठ

राष्ट्रिय स्वतन्त्र पार्टीलाई अपार जनसमर्थन दिएर सरकार निर्माणको अवसर दिनुभएकोमा सम्पूर्ण नेपाली जनतालाई धन्यवाद दिन चाहन्छु । जनसमर्थन प्राप्त गर्नु जति महत्वपूर्ण हुन्छ, त्यसलाई टिकाइराख्नु र सही दिशामा प्रयोग गर्नु त्यति नै चुनौतीपूर्ण हुन्छ । त्यसैले सरकारको सफलता, स्थायित्व र उत्तरदायित्वका लागि तपाईंहरूको सचेत निगरानी र जिम्मेवारी पनि उत्तिकै आवश्यक हुन्छ ।

तपाईंहरूलाई थाहै छ वर्षौंदेखि गिजोलिएको राज्य व्यवस्था, संस्थागत कमजोरी र अव्यवस्थालाई विधिको शासनभित्र ल्याउनु अहिलेको सबैभन्दा ठूलो चुनौती देखिन्छ । परिवर्तन र सुधारका प्रयासहरू छोटो समयमै सुरु भएका छन्, तर विभिन्न स्वार्थ समूहहरूले अनेक कठिनाइहरू पनि सिर्जना गरिरहेका छन् । धेरै नागरिकहरूले राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकारलाई आशाको केन्द्रका रूपमा हेर्न थालेका छन् र परिवर्तनको अपेक्षा पनि त्यही कारणले बढेको देखिन्छ । तपाईंहरूले सुन्नुभएकै होला राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिले "यो वर्ष खिल निकाल्ने वर्ष हो" भनेर व्यक्त गर्नुभएको सन्देशलाई पुराना विकृति, बेथिति र जरा गाडेका गलत अभ्यासहरू हटाउने प्रयासका रूपमा बुझ्न सकिन्छ । पुरानो खिल निकाल्दा केही पीडा हुनु स्वाभाविक हुन्छ । त्यसैगरी, वर्षौंदेखि जरा गाडेका समस्याहरू सुधार गर्ने प्रक्रियामा पनि असहजता, विरोध र कठिनाइ आउन सक्छन् । तर यदि उद्देश्य विधिको शासन, सुशासन र दीर्घकालीन सुधार हो भने तपाईं हामीहरुले धैर्यता, विवेक र जिम्मेवारीका साथ सरकारलाई सहयोग गर्नुपर्छ ।

अहिले हेर्दा यस्तो अनुभूति पनि हुन्छ कि यदि वैकल्पिक राजनीतिक शक्ति नउदाएको भए पुराना राजनीतिक दल र तिनका भातृ संगठनहरूसँग जोडिएका धेरै विकृति अझै सामान्यजस्तै चलिरहन्थे । सरकारी जग्गा अतिक्रमण गरेर व्यक्तिगत वा समूहगत लाभ लिने प्रवृत्ति, सरकारी कार्यालयहरूमा पार्टी संगठनहरूको दबाब र दादागिरी, सुकुम्बासी बस्तीहरूमा राजनीतिक संरक्षणको नाममा हुने प्रभाव विस्तार, वा विभिन्न प्रशासनिक कामहरूमा कमिसन र चलखेलका आरोप–यी सबै विषयहरू अहिले क्रमशः सतहमा आउन थालेको कुरा तपाईंहरुलाई थाहा नै छ ।

यसले वर्षौंदेखि थुप्रिएका विकृति र शक्ति सञ्जालहरूको "प्यान्डोराज बक्स" अर्थात् "विपत्ति वा समस्याहरूको स्रोत" खुलेझैं अनुभूति गराउँदछ । जब प्रणालीभित्र गहिरो गरी जरा गाडेका विकृतिका अभ्यासहरूलाई चुनौती दिन खोजिन्छ, तब लुकेका असन्तुष्टि, स्वार्थ र विरोधहरू पनि एकपछि अर्को गर्दै बाहिर आउन थाल्छन् । त्यसैले अहिले देखिएका धेरै तनाव र प्रतिक्रिया केवल राजनीतिक प्रतिस्पर्धा मात्र नभई पुरानो संरचना र नयाँ सुधारबीचको संघर्षका रूपमा बुझिदिनुहोला ।

विभिन्न स्वार्थ समूहहरूले समाजमा भ्रम फैलाउने प्रयास गरिरहेका छन् । हामी नेपालीहरूको मन अत्यन्त कोमल र भावुक हुन्छ । कसैले सामाजिक सञ्जालमा आफू वा आफ्नो समूह दुःखमा परेको पोस्ट गरेको देख्नासाथ हामी तुरुन्त भावनात्मक रूपमा प्रभावित भएर उनीहरूको पक्षमा उभिन पुग्छौं, चाहे उनीहरूले नियम-कानुनविपरीत काम नै किन नगरेका हुन् । धेरैजसो अवस्थामा हामी भावनामा बगेर विधि, प्रक्रिया र कानुनी पक्षलाई समेत बिर्सने गर्छौं ।

तर अब केवल भावनामा बगेर मात्र हुँदैन । अब हरेक कार्य–जुनसुकै तहबाट भए पनि–देशको संविधान, ऐन, कानुन, विधि र प्रक्रियाअनुसार छ कि छैन भन्ने आधारमा धारणा बनाउन आवश्यक छ । किनकि विभिन्न स्वार्थ समूहहरूले तपाईं हाम्रो भावनालाई उपयोग गरेर देशलाई गलत दिशातर्फ धकेल्ने प्रयास गरिरहेका देखिन्छन् । नगर प्रहरीले फुटपाथमा पसल थापेर बसेकाहरूलाई हटाउँदाको दृश्य होस् वा सरकारले अव्यवस्थित बसोबास व्यवस्थापन गर्न खोज्दा देखिएका मानवीय दृश्यहरू–यस्ता घटनाले समाजलाई भावनात्मक रूपमा निकै प्रभावित बनाउने गर्छन् । तर धेरैजसो अवस्थामा हामीले फुटपाथ अतिक्रमण गर्नु कानुनसम्मत थियो कि थिएन, नदी किनार कब्जा गरेर बस्ती बसाल्नु विधिसम्मत थियो कि थिएन भन्ने मूल प्रश्नतर्फ कम ध्यान दिन्छौं । बरु "गरिबमाथि अन्याय भयो" भन्ने भावनात्मक निष्कर्षतर्फ छिट्टै पुग्ने गर्छौं ।

आजको विश्व राजनीति हेर्दा शक्तिशाली राष्ट्रहरूबीचको प्रतिस्पर्धा झन् जटिल बन्दै गएको देखिन्छ । त्यसै कतिपय देशहरू आन्तरिक द्वन्द्व, बाह्य प्रभाव र शक्ति संघर्षका कारण अस्थिरतामा फसेका छन् । यस्तो अवस्थामा केवल सामाजिक सञ्जालमा आरोप लगाएर, जनतालाई उत्तेजित बनाएर वा उग्र राष्ट्रवादको भाषण गरेर मात्र राष्ट्रियता सुरक्षित रहँदैन । राष्ट्रियता जोगाउन परिपक्व नेतृत्व, बलियो राज्य व्यवस्था, राष्ट्रिय एकता र सन्तुलित कूटनीति आवश्यक पर्छ ।

मानव समाजमा कुनै न कुनै रूपमा गरिबी रहन्छ । गरिबी केवल धन सम्पत्तिको अभाव मात्र होइन; चेतना, अवसर, शिक्षा, सोच र जिम्मेवारीको कमीलाई पनि व्यापक अर्थमा गरिबीकै रूपमा बुझ्न सकिन्छ । त्यसैले समस्या समाधानका लागि केवल भावनात्मक बहस होइन, न्यायपूर्ण नीति, अवसरको सिर्जना र कानुनको समान कार्यान्वयन आवश्यक हुन्छ भन्ने कुराको ज्ञान तपाईंहरूलाई छँदैछ ।

देशभित्र गरिबी, रोग , बेरोजगारी, अव्यवस्थित बसोबास तथा सुकुम्बासी समस्याजस्ता सयौं चुनौतीहरू बोकेर जीवन बिताइरहेका हाम्रा नागरिकहरू छन् । ती समस्याहरूको समाधान र व्यवस्थापन गर्नु राज्य तथा सरकारको दायित्व हो । तर समाधानका नाममा संविधान, ऐन, कानुन र स्थापित प्रक्रियालाई मिचेर होइन, विधिको शासनभित्र रहेर गरिनुपर्छ भनेर तपाईंहरूले आवाज उठाउनुपर्छ ।

राज्य सञ्चालनमा मानवीय संवेदनशीलता, सहानुभूति र भावनात्मक सद्भाव अत्यन्त महत्वपूर्ण हुन्छन् । तर ती भावना पनि अन्ततः संविधान, कानुन र विधिसम्मत प्रक्रियाभित्रै अभिव्यक्त हुन आवश्यक छ । यदि भावनालाई आधार बनाएर कानुनलाई कमजोर पार्ने प्रवृत्ति बढ्दै गयो भने दीर्घकालमा त्यसले राज्य व्यवस्था, सुशासन र न्याय प्रणालीलाई नै कमजोर बनाउने खतरा हुन्छ । त्यसैले नागरिकको पीडा बुझ्ने संवेदनशीलता र विधिको शासन–यी दुईबीच सन्तुलन कायम गर्नु नै सुशासनको वास्तविक आधार हो भन्ने जानकारी सरकारलाई दिनु हाम्रो दायित्व भित्र पर्दछ ।

तपाईंहरूलाई थाहा छ कि छैन हाम्रो देशमा भ्रष्टाचार नियन्त्रण प्रभावकारी रूपमा हुन नसक्नुका कारणहरूमध्ये एउटा कारण सानो सामाजिक संरचना पनि हो । सानो समाज भएकाले कारबाही गर्ने निकाय, राजनीतिक नेतृत्व, प्रशासन र सरोकारवालाबीच प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चिनजान, सम्बन्ध वा नातागोताको प्रभाव देखिने अवस्था धेरै हुन्छ । त्यसले निष्पक्ष निर्णय र कानुनी कारबाहीमा असर पार्ने गरेको अनुभूति हुन्छ ।

अर्कोतर्फ, भ्रष्टाचार यति संस्थागत र सामान्यीकृत हुँदै गएको छ कि कतिपय अवस्थामा समाजले त्यसलाई गलतभन्दा पनि "सामान्य उपलब्धि" जस्तै रूपमा हेर्न थालेको देखिन्छ । उदाहरणका लागि, दशैंमा टीका-आशीर्वाद थाप्न जाँदा पनि "यत्रो वर्ष भन्सारमा काम गरिस्, अझै घर बनाउन सकेनस् ?" भन्ने खालका टिप्पणी सहज रूपमा सुनिन्छन् । यस्ता अभिव्यक्तिले इमानदार कमाइभन्दा अवैध आम्दानीलाई सफलताको मापन बनाउने विकृत मानसिकता समाजमा गहिरिँदै गएको संकेत गर्छ ।

भदौ २३ र २४ गतेको "जेन्जी विद्रोह" सम्बन्धमा बेलाबखत देशभित्रका केही स्वार्थ समूहहरूले नेपाली सेना र मित्रराष्ट्रहरूलाई अनावश्यक विवादमा तान्ने, उक्साउने वा अस्थिरता सिर्जना गर्ने खालका अभिव्यक्ति दिने गरेका देखिन्छन् । नेपाली सेनाले सिंहदरबार, सर्वोच्च अदालत वा संसद भवन जोगाउन ती हजारौं युवामाथि बल प्रयोग गरेर किन नियन्त्रण गरेन, भनेर प्रश्न पनि गर्ने गरिन्छ ।

तर तपाईंलाई थाहै छ लोकतान्त्रिक राज्य व्यवस्थामा सेना परिचालन कुनै व्यक्तिको भावनात्मक निर्णयले होइन, संवैधानिक प्रक्रिया, सुरक्षा परिषद्को निर्णय र सरकारको औपचारिक आदेशअनुसार हुने विषय हो भनेर ।

तपाईंहरूले देखिरहनुभएको छ प्रहरीको गोलीबाट नागरिकको मृत्यु हुँदा समेत स्पष्ट जिम्मेवारी लिन नसकेको अवस्थामा, यदि सेनाको हस्तक्षेपबाट ठूलो जनधनको क्षति भएको भए त्यसको नैतिक, राजनीतिक र अन्तर राष्ट्रिय जिम्मेवारी कसले लिने थियो होला ? तपाईंहरूलाई थाहै छ घटनापछि "विदेशी शक्ति" वा "षड्यन्त्र" जस्ता आरोपहरू लगाएर उम्कने परिपाटी नयाँ होइन । मूल प्रश्न भनेको राज्य संयन्त्र किन असफल भयो, संवेदनशील संरचनाहरू किन सुरक्षित राख्न सकिएनन्, र संकट व्यवस्थापनमा कहाँ कमजोरी भयो भन्ने हो । भारतको काश्मिर आफ्नो नियन्त्रणमा राख्न त्यहाँका पृथकतावादी गतिविधिविरुद्ध भारत सरकारले वर्षौंदेखि निरन्तर कोशिस गरिरहेको छ । त्यस क्रममा सयौ भारतीय सुरक्षाकर्मीहरूले बलिदान दिइसकेका छन्, र राष्ट्रिय अखण्डताको प्रश्नमा भारतले कुनै सम्झौता गर्दैन पनि ।

लगातार तेस्रो वर्ष ग्रीनल्यान्डको शतप्रतिशत नतिजा

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १० जेठ

वीरेन्द्रनगर-३, तातापानीस्थित ग्रीनल्यान्ड एकेडेमीले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा शतप्रतिशत नतिजा हासिल गरेको छ । विद्यालयले लगातार तेस्रो वर्ष उत्कृष्ट नतिजालाई निरन्तरता दिँदै यस वर्ष दुई विद्यार्थीले ४ जीपीए प्राप्त गरेका छन् ।

शनिबार आयोजित सम्मान तथा अभिभावक उत्प्रेरणा कार्यक्रममा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, पत्रकार तथा कलाकारलाई नगद, प्रमाणपत्र, माला र दोसल्लासहित सम्मान गरिएको थियो । कार्यक्रममा विद्यालयले 'ग्रीनल्यान्ड शिक्षा पत्रकारिता पुरस्कार-२०८२' तथा 'मोतिपुरा स्मृति प्रतिभा पुरस्कार-२०८२' समेत प्रदान गरेको छ ।

विद्यालयका अनुसार एसईईमा सहभागी सबै ३० विद्यार्थी उत्तीर्ण भएका छन् । छात्र विमल तिमिल्सेना र छात्रा सन्ध्या खड्काले ४ जीपीए प्राप्त गरेका छन् भने अन्य विद्यार्थीले ३ देखि ३।९५ जीपीएसम्म हासिल गरेका छन् । उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई विशेष सम्मानसमेत गरिएको थियो ।

ग्रीनल्यान्ड एकेडेमीले २०८० सालदेखि एसईईमा सहभागिता जनाउन थालेको हो । पहिलो वर्षमै कर्णाली प्रदेशस्तरमा



उत्कृष्ट नतिजा हासिल गरेको विद्यालयले जनाएको छ । सो वर्ष छात्रा स्मारिका शाहीले ३.९५ जीपीए ल्याउँदै छात्रातर्फ कर्णाली प्रदेश प्रथम बनेकी थिइन् । त्यसयता विद्यालयले निरन्तर शतप्रतिशत नतिजा कायम राख्दै आएको दाबी गरेको छ ।

यस वर्षको 'ग्रीनल्यान्ड शिक्षा पत्रकारिता पुरस्कार-२०८२' रमा केसीलाई प्रदान गरिएको छ भने 'मोतिपुरा स्मृति प्रतिभा पुरस्कार-२०८२' कलाकार नन्दा बस्याललाई प्रदान गरिएको विद्यालयले जनाएको छ । शिक्षा, पत्रकारिता र कला क्षेत्रमार्फत समाजमा योगदान पुऱ्याउने व्यक्तित्वलाई प्रोत्साहन गर्ने उद्देश्यले पुरस्कार स्थापना गरिएको विद्यालयको भनाइ छ ।

कार्यक्रममा विद्यालयका प्रबन्धक प्रकाश शाहीले विद्यालय अरूसँग नभई आफ्नै नतिजासँग प्रतिस्पर्धा गर्दै अघि बढिरहेको बताए । विद्यार्थी, शिक्षक र अभिभावकको सामूहिक प्रयासका कारण सकारात्मक शैक्षिक उपलब्धि सम्भव भएको उनको भनाइ थियो ।

कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले समयअनुकूल शिक्षण प्रणाली र प्रविधिमैत्री अभ्यासलाई विद्यालयले प्रभावकारी रूपमा अघि बढाएको बताए । उनले व्यवहारिक तथा प्रयोगात्मक शिक्षालाई थप प्राथमिकता दिनुपर्ने आवश्यकता औंल्याए ।

प्रधानाध्यापक ज्योति पौडेलले १३ वर्षको यात्रामा विद्यालयले विभिन्न चुनौती पार गर्दै गुणस्तरीय शिक्षालाई निरन्तरता दिन सफल भएको बताइन् । हाल विद्यालयमा पीजीदेखि कक्षा १० सम्म करिब १ हजार ३ सय विद्यार्थी अध्ययनरत छन् भने आगामी शैक्षिक सत्रदेखि कक्षा ११ र १२ सञ्चालन गर्ने तयारी भइरहेको विद्यालयले जनाएको छ ।

रास्वपाले सार्वजनिक गऱ्यो राष्ट्रिय महाधिवेशनको तयारी कार्यतालिका



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १० जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो पहिलो राष्ट्रिय महाधिवेशनको तयारीलाई तीव्रता दिँदै विस्तृत कार्यतालिका सार्वजनिक गरेको छ।

पार्टीको केन्द्रीय निर्वाचन आयोगको जेठ ६ गतेको निर्णयअनुसार महाधिवेशनका लागि आवश्यक साङ्गठनिक र निर्वाचनसम्बन्धी प्रक्रियाहरूको समयसीमा तय गरिएको हो।

केन्द्रीय निर्वाचन आयोगका उपप्रमुख राम गुरुङद्वारा जारी परिपत्रअनुसार ७७ वटै जिल्ला र सातै प्रदेशमा निर्वाचन समिति गठन गर्ने कार्यलाई प्राथमिकता दिइएको छ।

जसअनुसार आगामी जेठ १५ गतेभित्र प्रदेश र जिल्ला समितिहरूले निर्वाचन समिति गठन गरिसक्नुपर्नेछ भने जेठ १० गतेभित्र त्यसको आधिकारिक परिपत्र र माइन्युटको प्रतिलिपि निर्वाचन कार्यालयमा बुझाइसक्नुपर्ने प्रावधान राखिएको छ।

कार्यतालिकाअनुसार स्थानीय तथा जिल्ला अधिवेशनका प्रतिवेदनहरू जेठ २० गतेभित्र सङ्कलन गरिनेछ भने महाधिवेशन प्रतिनिधिहरूको नामावली पेस गर्ने अन्तिम समय जेठ २५ गतेसम्म तोकिएको छ। यस्तै, जिल्ला सभापतिहरूले जेठ मसान्तभित्र जिल्ला अधिवेशन तथा निर्वाचन प्रतिवेदन अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

महाधिवेशनलाई आधुनिक र प्रविधिमैत्री बनाउने उद्देश्यका साथ रास्वपाले इलेक्ट्रोनिक भोटिङ मेसिन प्रयोग गर्ने तयारी समेत गरेको छ। यससम्बन्धी छलफल र प्रदेश अधिवेशनमा निर्वाचित पदाधिकारीहरूको विवरण पेस गर्ने कार्य आगामी असार ५ गतेभित्र सम्पन्न गरिने कार्यतालिकामा उल्लेख छ।

निर्वाचन आयोगले सबै प्रदेश सभापतिहरूलाई आफ्ना मातहतका जिल्ला सभापतिहरूसँग आवश्यक समन्वय गरी केन्द्रको कार्यतालिकाअनुसार तोकिएको समयभित्रै कार्य सम्पादन गर्न निर्देशन दिएको छ।

पार्टीले यस ऐतिहासिक महाधिवेशनको तयारीलाई व्यवस्थित बनाउन महामन्त्रीद्वय कविन्द्र बुर्लाकोटी र भूपदेव शाहका साथै सङ्गठन विभागका सचिव शंकर श्रेष्ठलाई समेत बोधार्थ दिँदै आन्तरिक परिचालन तीव्र पारेको छ।

पुल निर्माण तीव्र, केही आयोजना अलपत्र

❐ काँक्रेविहार संवाददाता

जाजरकोट, १० जेठ

कर्णाली प्रदेश सरकारको लगानीमा करोडौँ रुपैयाँका पक्की पुल निर्माण कार्यले तीव्रता पाएको छ। विभिन्न स्थानीय तहलाई जोड्ने तीन वटा पुल निर्माण भइरहेका छन् भने केही महत्वपूर्ण आयोजना भने अझै अलपत्र अवस्थामा छन्।



जाजरकोट-जुम्ला सडकखण्डअन्तर्गत छेडागाड नगरपालिका-१० र ११ बीचको लम्तीखोलामा २५ मिटर लामो पक्की पुल निर्माण सुरु भएको छ।

तीन करोड ४२ लाख बढी लागतमा निर्माण हुन लागेको पुलको जिम्मा बजरङ्गा ग्लोरियस एमबिएस जेभी काठमाडौंले लिएको हो।

२०८५ वैशाखसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ। स्थानीयका अनुसार पुल निर्माण भएपछि पश्चिम जाजरकोटका पालिकाबीच आवतजावत सहज हुने तथा विगतमा खोलामा बगेर ज्यान गुमाउनुपर्ने अवस्था अन्त्य हुने अपेक्षा गरिएको छ।

यस्तै, छेडागाड नगरपालिका छ सुवानाउली र जुनीचाँदे गाउँपालिका पाँच लामातारा जोड्ने छेडाखोलामा ४२.७ मिटर लामो बेलिब्रिज निर्माण सम्पन्न भएको छ।

तीन करोड ८२ लाख लागतको उक्त पुल निर्धारित समयअघि नै निर्माण भएपछि प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले निर्माण व्यवसायीलाई धन्यवाद दिएका छन्। त्यसैगरी, शिवालय गाउँपालिका दुई र आठ जोड्ने दुई पीपल सडक पुल निर्माण कार्य पनि सुरु गरिएको छ।

तीन करोड १५ लाखभन्दा बढी लागतको २५ मिटर लामो पुल २०८५ वैशाखसम्म सम्पन्न गर्ने लक्ष्य छ। तर, सबै आयोजना सहज रूपमा अघि बढेका छैनन्। छेडाचाँदे-जुम्ला सडकखण्डको साल्मा खोलामा निर्माणाधीन पक्की पुल भने पाँच वर्षदेखि अलपत्र परेको छ।

चार करोड ८८ लाख लागतको उक्त पुल निर्माणको जिम्मा पाएको कम्पनीले दुई वटा पिलर निर्माण गरेर काम रोकिएको हो। पूर्वाधार विकास कार्यालय जाजरकोटका अनुसार ठेक्का तोडिएपछि निर्माण कम्पनी अदालत गएको छ।

पुल निर्माण नहुँदा जुनीचाँदे, कुशे र छेडागाड क्षेत्रका स्थानीयले यातायातमा सास्ती भोग्दै आएका छन्। विशेषगरी वर्षायाममा खोलाबाटै वारपार गर्नुपर्ने बाध्यता अझै कायम छ।

प्रदेश सरकारले वर्षेनि बजेट विनियोजन गरे पनि निर्माण व्यवसायीको लापरवाहीका कारण कतिपय आयोजना समयमै सम्पन्न हुन नसकेको जनाइएको छ। स्थानीयवासीले अलपत्र आयोजनाप्रति सम्बन्धित निकायले कडा निगरानी र खबरदारी गर्नुपर्ने माग गरेका छन्।

यार्चागुम्बा सिजन सुरू, मुगुका विद्यालय बन्द



❐ काँक्रेविहार संवाददाता

मुगु, १० जेठ

जिल्लाको मुगमकार्मारोङ गाउँपालिकामा यार्चागुम्बा सङ्कलन सिजन सुरु भएसँगै अधिकांश विद्यालय बन्द भएका छन्।

स्थानीयको मुख्य आम्दानीको स्रोत यार्चागुम्बा भएकाले विद्यार्थीसमेत अभिभावकसँगै पाटनतर्फ लागेका हुन्।

गाउँपालिकाका १२ विद्यालयका विद्यार्थी यार्चागुम्बा सङ्कलनमा गएका कारण कक्षा सञ्चालन प्रभावित भएको छ।

केही विद्यालयमा बर्खे बिदा दिइएको छ भने अन्य विद्यालयमा प्रारम्भिक बालविकासका कक्षा मात्रै सञ्चालन भइरहेका छन्।

गाउँपालिकाले जेठ १६ गतेदेखि सामुदायिक वन क्षेत्रमा यार्चागुम्बा सङ्कलन खुला गर्ने कार्यविधि बनाएको छ।

१० वर्षदेखि ६० वर्ष उमेर समूहसम्मका स्थानीय हरेक वर्ष यार्चागुम्बा टिप्न वन क्षेत्रमा जाने गर्छन्।

स्थानीयका अनुसार एक सिजनमा एक जनाले एकदेखि दुई लाख रुपैयाँसम्म आम्दानी गर्न सक्ने भएकाले विद्यार्थीसमेत यार्चा सङ्कलनमा सहभागी हुने गरेका छन्।

राम्रो गुणस्तरको यार्चागुम्बा प्रतिगोटा पाँच सयदेखि सात सय रुपैयाँसम्ममा बिक्री हुने गरेको व्यापारीहरूले बताएका छन्।

पालिकाको तथ्याङ्क अनुसार मुगु र डोल्फु सामुदायिक वन क्षेत्रमा हरेक वर्ष करिब छ हजार सङ्कलक जाने गरेका छन्।

जिल्लाबाहिरका सङ्कलकले दुई हजार पाँच सय र जिल्लाभित्रकाले दुई हजार रुपैयाँ राजस्व तिर्नुपर्ने व्यवस्था गरिएको छ।

निकुञ्जमा एक सय ६२ कि.मि तारजाली विस्तार

❐ काँक्रेविहार संवाददाता

बर्दिया, १० जेठ

बर्दिया राष्ट्रिय निकुञ्जले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न निकुञ्ज आसपासका मध्यवर्ती बस्ती क्षेत्रमा व्यापक रूपमा तारजाली विस्तार गरेको छ।

वन्यजन्तुका कारण हुने मानवीय तथा भौतिक क्षति कम गर्ने उद्देश्यले निकुञ्जले विभिन्न बस्ती र जोखिमयुक्त क्षेत्रहरूमा तारजाली जडान गरेको हो।

निकुञ्ज कार्यालयका अनुसार हालसम्म मध्यवर्ती क्षेत्रमा करिब एक सय ६२ किलोमिटर तारजाली जडान सम्पन्न भइसकेको छ।

वन्यजन्तु बस्तीभित्र प्रवेश गर्न नपाओस् भन्ने उद्देश्यले यो संरचना निर्माण गरिएको निकुञ्ज प्रशासनले जनाएको छ। बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयका सूचना अधिकारी सरोजमणि पौडेलका अनुसार ठाकुरबाबा नगरपालिका अन्तर्गत ठाकुरद्वारा, गोदाना, सैनवार, भुरीगाउँ, मधुवन नगरपालिकाको सूर्यपटुवा, खाता कोरिडोर, डल्ला, गेरुवा गाउँपालिका तथा सुर्खेतको तेलपानी क्षेत्रसम्म तारजाली विस्तार गरिएको छ। उनका अनुसार पछिल्ला वर्षहरूमा वन्यजन्तु बस्ती पस्ने घटना बढेपछि यो कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको हो।

स्थानीयवासीले तारजाली विस्तारपछि वन्यजन्तुको बस्ती प्रवेश घटेको र केही हदसम्म राहत महसुस भएको बताएका छन्।

ठाकुरबाबा नगरपालिका चार ठाकुरद्वाराका स्थानीय रामजी थापाले वन्यजन्तु बस्ती पस्ने क्रम घट्दै गएको अनुभव सुनाए। त्यसैगरी मधुवन नगरपालिका दुई खाता क्षेत्रका शरद राईले वन्यजन्तुको आवतजावत नियन्त्रण हुँदा स्थानीयले सुरक्षित महसुस गर्न थालेको बताए।

निकुञ्ज र आसपासका बस्ती एकअर्कासँग जोडिएकाले बर्दिया क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द्व लामो समयदेखि प्रमुख समस्याका रूपमा रहँदै आएको छ।

विशेषगरी हात्ती, बाघ र अन्य वन्यजन्तु बस्तीमा प्रवेश गर्दा मानवीय क्षति, बालीनाली नोक्सानी तथा सम्पत्ति हानिको घटना दोहोरिने गरेका छन्।

सात पालिका पूर्ण खोप सुनिश्चित घोषणा



❐ काँक्रेविहार संवाददाता

दैलेख, १० जेठ

जिल्लाका सात स्थानीय तहलाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको छ। आवश्यक सूचक तथा मापदण्ड पूरा गरेपछि जिल्लाका ११ स्थानीय तहमध्ये सात पालिकालाई पूर्ण खोप सुनिश्चित घोषणा गरिएको स्वास्थ्य सेवा कार्यालय दैलेखले जनाएको छ।

पूर्ण खोप सुनिश्चित घोषणा हुने पालिकामा नारायण नगरपालिका, नौमुले गाउँपालिका, दुल्लु नगरपालिका, डुङ्गेश्वर गाउँपालिका, भैरवी गाउँपालिका, महाबु गाउँपालिका र गुराँस गाउँपालिका रहेका छन्।

स्वास्थ्य सेवा कार्यालय दैलेखका खोप अधिकृत थीरप्रसाद रेग्मीका अनुसार नियमित खोप कार्यक्रम अन्तर्गत बालबालिकाले उमेर अनुसार लगाउनुपर्ने सबै खोप प्राप्त गरेपछि मात्र पूर्ण खोप सुनिश्चित घोषणा गर्ने मापदण्ड पूरा हुने गर्दछ।

उनले अभियान सफल बनाउन स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि तथा अभिभावकको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै कुनै पनि बालबालिका खोप सेवाबाट वञ्चित हुन नहुनेमा जोड दिए।

स्वास्थ्य कार्यालयका अनुसार १६ देखि २३ महिनासम्मका बालबालिकाले १५ महिनाभित्र लगाउनुपर्ने सम्पूर्ण खोप लगाएपछि मात्रै पूर्ण खोप सुनिश्चित घोषणा गरिन्छ।

यसका लागि स्थानीय तहहरूले नियमित रूपमा घरधुरी विवरण सङ्कलन, छुटेका बालबालिकाको खोजी तथा अनुगमन गर्दै आएका छन्।

जिल्लामा नियमित खोप कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुँदै आएकाले बालबालिकामा देखिने विभिन्न रोगको जोखिम घट्दै गएको स्वास्थ्यकर्मीको भनाइ छ।

ग्रामीण तथा दुर्गम क्षेत्रसम्म खोप सेवा विस्तार गरिएकाले अधिकांश बालबालिका खोपको पहुँचमा पुगेका छन्।

दैलेख जिल्लालाई यसअघि २०७४ असार चार गते तत्कालीन मध्यपश्चिम विकास क्षेत्रकै पहिलो पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको थियो।

त्यसयता जिल्लामा पूर्ण खोप सुनिश्चितताको अवस्था दिगो बनाउन स्थानीय तह र स्वास्थ्य संस्थाले निरन्तर अभियान सञ्चालन गर्दै आएका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

डोल्पामा ओजना अनुगमन तिव्र

काँक्रेविहार संवाददाता
हुम्ला, १० जेठ

चालु आर्थिक वर्ष २०८२/८३ सकिन करिब ४० दिन बाँकी रहँदा डोल्पामा सञ्चालन भइरहेका विकास निर्माण तथा अनुदानमुखी कार्यक्रमहरूको अनुगमन तीव्र पारिएको छ। अन्तिम भुक्तानीअघि योजनाको वास्तविक अवस्था, कार्यप्रगति, गुणस्तर तथा अनुदानको प्रभाव मूल्यांकन गर्न सम्बन्धित सरकारी कार्यालयहरूले सर्वपक्षीय स्थलगत अनुगमनलाई प्राथमिकतामा राखेका हुन्।

पछिल्ला वर्षहरूमा विकास निर्माण, अनुदान वितरण तथा सार्वजनिक खर्चसँग सम्बन्धित उजुरी र अनियमितताका घटना बढेपछि सरकारी निकायहरू यस वर्ष थप सतर्क बनेका छन्। त्यसैले यसपटक अनुगमनलाई कागजी प्रक्रियामा सीमित नराखी प्रत्यक्ष स्थलगत निरीक्षणमार्फत प्रभावकारी बनाउने प्रयास गरिएको सरोकारवालाहरूले बताएका छन्।

जिल्लामा कृषि, पशुपालन, पूर्वाधार तथा आय आर्जनसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिरहेका कृषि विकास कार्यालय, पशु अस्पताल तथा पशु सेवा कार्यालय र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन इकाईलगायत निकायहरूले संयुक्त



अनुगमन गरिरहेका छन्।

अनुगमन टोलीमा पालिका प्रतिनिधि, प्राविधिक कर्मचारी, उपभोक्ता समिति, राजनीतिक दलका प्रतिनिधि तथा सञ्चारकर्मीको सहभागिता रहेको छ।

अनुगमनका क्रममा योजना सम्झौता अनुसार काम भए-नभएको, बजेटको सदुपयोग, निर्माण सामग्रीको गुणस्तर तथा लाभग्राहीले वास्तविक लाभ पाए-नपाएको विषयमा अध्ययन भइरहेको जनाइएको छ।

विशेषगरी कृषि तथा पशुपालन क्षेत्रका अनुदान कार्यक्रममा उपकरण वितरण, फलफूल तथा तरकारी खेती विस्तार, पशुपालन, कृषि सामग्री तथा पूर्वाधार निर्माणको अवस्थाको प्रत्यक्ष मूल्यांकन गरिएको छ।

सरोकारवाला निकायका अनुसार आर्थिक वर्षको अन्त्यतिर हतारमा योजना सम्पन्न देखाउने, कागजी रूपमा मात्रै प्रगति प्रस्तुत गर्ने तथा वास्तविक कामभन्दा बढी भुक्तानी लिन खोज्ने प्रवृत्ति रोक्न यस वर्ष निगरानी कडा बनाइएको हो।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन इकाईका प्रमुख गोविन्द बहादुर मल्लले कार्यक्रमको पारदर्शिता, प्रभावकारिता र वास्तविक अवस्था पहिचान गरेर मात्रै भुक्तानी प्रक्रिया अघि बढाइने बताए।

उनका अनुसार एउटै फार्म वा समूहले विभिन्न सरकारी निकायबाट समान प्रकृतिका कार्यक्रम दोहोऱ्याएर लिने गरेको गुनासो आएपछि त्यसको वास्तविकता बुझ्न पनि स्थलगत अनुगमन गरिएको हो।

सामाजिक सञ्जाल प्रयोगमा सचेतना अपनाऔं।

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं,
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं,
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिट्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं,
- आफुले प्रवाह गरेको सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं,
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

बालविवाह सामाजिक र कानूनी अपराध हो।

- बीस वर्ष नपुगी विवाह नगरौं, नगराऔं।
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- २० बर्ष उमेर नपुगी गरिएको विवाह स्वतः बदर हुन्छ
- कसुर गर्ने व्यक्तिलाई तीन बर्ष सम्म कैद र तीस हजार सम्म जरिवाना हुने कानूनी व्यवस्था छ।

चौकुने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत

बिल-बिजकको प्रयोग अनिवार्य गरौं।

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- कानुनी रूपमा मान्य बिल-बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पूर्ण छपाईका काम
एकै ठाउँमा

GLOBAL OFFSET PRESS

लेबल स्टिकर, ब्रोसर पम्पलेट, क्यालेडर, पोस्टर

सरकारी फारम, भौचर, चलानी, बिलबुक

पुस्तक, नोटबुक, डायरी, रसीद, क्यागोजिन, पत्रिका

आईडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर







offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८५८०५५६२६

गुणस्तर हाम्रो प्रतिबद्धता, सन्तुष्टि हाम्रो लक्ष्य।

समयमै गुणस्तरीय सेवा | उच्च गुणस्तरको छपाई | अनुभवी टोली | ग्राहक सन्तुष्टि हाम्रो प्राथमिकता

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)